## अनुसूची-२
## करारमा लिने कृषि स्नातक प्राविधिकको (पशु विज्ञान तर्फ) कार्यविवरण
## (दफा ६(१) सँग सम्बन्धित)

१) पशुपन्छी रोग निदान र उपचार तथा सो कार्यको रेकर्ड अध्यावधिक गर्ने ।

२) पशुपन्छी स्वास्थ्य र उत्पादकत्व कायम र क्रमशः सुधार गराउने ।

३) सम्बन्धित स्थानीय तहको पशुपन्छी तर्फको बार्षिक कार्यक्रम तर्जुमा कार्यान्वयन र प्रगति प्रेषण गर्ने ।

४) स्थानीय तहमा रहेका पशुपन्छीको तथ्याङ्क अध्यावधिक गर्ने र सोको विवरण प्रदेश तथा पशु सेवा विभागमा पठाउने ।

५) स्थानीय तहमा आएका पशु सेवा विभाग मार्फत सशर्त अनुदानका कार्यक्रम सञ्चालन र सहजीकरण गर्ने ।

६) राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्तरगत संघबाट प्राप्त सम्पूर्ण खोपहरु सहित खोप कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने ।

७) आकस्मिक रोगहरुको investigation गरी Real Time रिपोर्टिङ्ग गर्ने ।

८) कृत्रिम गर्भधानको सेवा टेवा दिने तथा सो सम्बन्धी विवरण अध्यावधिक गरी प्रगति प्रेषण गर्ने।

९) Livestock, Feed sources Mapping गर्ने ।

१०) Animal Identification and registration कार्यमा सहयोग तथा सहजीकरण गर्ने ।

११) इपिडेमियोलोजिकल रिपोर्ट नियमित रुपमा प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र संघको पशु सेवा विभाग इपिडेमियोलोजी शाखामा सम्प्रेषण गर्ने।

१२) राष्ट्रिय सूचिकृत रोगहरुको आउटब्रेक अन्वेषण, सर्भिलेन्स र नियन्त्रण गर्ने ।

१३) रोग परीक्षण र निदानको लागि आवश्यक नमूना संकलन गरी प्रयोगशालामा परीक्षण गर्ने र थप परीक्षणको लागि नजिकको प्रयोगशालामा पठाउने ।

१४) भ्याक्सिन भण्डारणको लागि कोल्ड चेन प्रणाली सञ्चालन गर्ने र यसका लागि आवश्यक भएमा जनस्वास्थ्य क्षेत्रसँग समेत समन्वय गरी पशु स्वास्थ्य क्षेत्रमा कोल्ड चेन सिष्टम विकास गर्ने ।

१५) सूचिकृत रोग, सीमाविहिन रोग तथा विश्व पशु स्वास्थ्य संगठनमा तत्कालिन सूचिकृत रोगहरु फैलिएको शंका लागेमा तुरुन्तै नमुना संकलन गरी निदानको लागि नजिकैको भेटेरिनरी अस्पताल वा प्रयोगशालामा पठाउने र सोको जानकारी वा रिपोर्टिङ्ग यथासिघ्र सम्बन्धित निकाय (पशु सेवा विभाग, भेटेरिनरी इपिडेमियोलोजी शाखा) मा गर्ने ।

१६) जनस्वास्थ्यसँग सम्बन्धित रोगहरु (नेपाल सरकारको राजपत्रमा प्रकाशित भएका प्राथमिकतामा रहेका जुनोटिक रोगहरु) को जनस्वास्थ्यसँग सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण गर्ने ।

१७) पालिकामा रहेका पशुपन्छीपालक किसानका साथसाथै पशुपन्छी संख्या तथा दर्ता भएका पशुपन्छी फार्मको संख्या अध्यावधिक गर्ने ।

१८) पालिकामा कार्यरत पशु सेवा प्राविधिकहरुको अभिलेख राख्ने र नियमित बैठक गरी सोबाट उठेका बिषय प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउने ।

१९) रोग फैलिएको समयमा रोग नियन्त्रण सम्बन्धी सूचनामुलक सामग्री तयार गरी प्रकाशन, प्रशारण तथा स्थानीयस्तरमा जानकारी गराउने ।

२०) पशु तथा पशुजन्य पदार्थको आन्तरिक ओसारपसारका लागि पशु स्वास्थ्य प्रमाणपत्र जारी गर्ने।

२१) पशुपन्छीजन्य महामारी एवं प्रकोप लगायतका विपद् व्यवस्थापनमा प्रदेश तथा संघसँग समन्वय र सहकार्य गर्ने ।

२२) पशु सेवा विभागबाट प्राप्त भएका पशुपन्छीमा लगाइने खोपहरु नियमित रुपमा लगाउन भ्याक्सिनेटरको व्यवस्था गर्ने र नियमित खोप लगाइएको सम्पूर्ण विवरण विभागमा जानकारी गराउने ।

२३) पालिकामा रहेका घरपालुवा तथा सामूदायिक कुकुरको रेकर्ड राख्ने र यस्ता कुकुरलाई बन्ध्याकरण तथा रेविज खोप लगाउने कार्य सञ्चालन गर्ने ।

२४) कुकुरको टोकाईबाट मानिसमा हुने रेविजलाई शुन्यमा झार्ने अभियानलाई सफल बनाउन स्थानीय स्तरमा रेबिज नियन्त्रण कार्य सञ्चालन गर्ने ।

२५) छाडा छोडिएका चौपायाको व्यवस्थापनमा स्थानीय संघसंस्थासँग समेत समन्वय गरी कार्य गर्ने र पशु छाडा छोड्ने चलनलाई निरुत्साहित गर्न पशु पहिचान गर्न स्थानीय स्तरमा प्रणाली विकास गर्ने ।

२६) पशु कल्याण सुनिश्चितताको लागि आवश्यक कार्य गर्ने ।

२७) आर्थिक दृष्टिकोणले महत्वपूर्ण रोगहरु (राष्ट्रिय रोग नियन्त्रण कार्यक्रममा समावेश गरिएका रोगहरु) को रोकथाम तथा नियन्त्रणको सन्दर्भमा खोपको व्यवस्थापन गरी नियमित रुपमा भ्याक्सिनेसन गर्ने ।